


# विपद् जोखिम व्यवस्थापन कार्यक्रम



## परिकल्पना

समुदायहरूले विपद्को असर र त्यसबाट सिर्जित पीडा कम गर्न समर्थ हुनेछन्



## लक्ष्य

समुदायहरू विपद् अल्पीकरण, प्रतिकार्य र पुनर्लाभका लागि सक्षम हुनेछन्



## उपलब्धिहरू

- बालबालिकाहरु सुरक्षित र विपद सामनाको लागि सक्षम महसुस गर्नेछन्
- समुदायहरूले आ-आफ्ना क्षेत्रको प्रकोप नक्साङ्कन तथा जोखिम न्यूनीकरणका क्रियाकलापहरू गरेका हुनेछन
- परिवारहरूसँग विपद्का लागि केही नगद बचत र झटपट झोला तयारी अवस्थामा हुनेछ
- स्थानीय विपद् व्यवस्थापन समितिसँग विपद् प्रतिकार्यका लागि  सीप तथा योजना तयारी अवस्थामा हुनेछन्
- आउँदा दिनमा आउन सक्ने विपद्मा मानवीय जिवन सुरक्षित हुनेछन्

## हामीले के हासिल गर्नेछौं ?

२,६१,०००

मानिसहरू विपद्को सामना गर्न तयारी अवस्थामा हुनेछन्, जसमा १,०९,००० भन्दा बढी बालबालिकाहरू हुनेछन्

१८३

वटा स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाहरू स्थानीय तहमा कार्यान्वयन हुनेछन्

४,७००

युवालाई विपद्को पहिलो प्रतिकार्य समूहका रूपमा सक्षम बनाइनेछ

१८३

युवा समूहहरु निर्माण गरी तिनीहरूमार्फत् विपद् जोखिम व्यवस्थापनको निगरानी गरिनेछ

दिगो विकास लक्ष्यहरु

११ दिगो शहर र समुदाय

१३ जलवायू परिवर्तन

# हामीले यो कसरी हासिल गर्छौं ?

समुदायहरूलाई आ-आफ्ना क्षेत्रको प्रकोप नक्साङ्कन गरी विपद् जोखिम पहिचान गर्नसक्ने बनाएर

सरोकारवालाहरूसँगको सहकार्यमा स्थानीय विपद् जोखिम व्यवस्थापन समितिहरूको गठन र विपद  व्यवस्थापन योजनाको निर्माण तथा कार्यान्वयन गरेर

विपद् जोखिम न्यूनीकरणलाई सिकाइ गतिविधि तथा विद्यालय पाठ्यक्रममा समावेश गरेर

## हाम्रा विधिहरू

### स्थानीय विपद् जोखिम व्यवस्थापन योजना

विपद् व्यवस्थापन क्षमता अभिवृद्धि तथा सहजीकरण गर्ने

**मुख्य क्रियाकलापहरू**

- स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको निर्माण, परिमार्जन तथा कार्यान्वयनमा जिल्लाका कर्मचारी र सरोकारवालाहरूलाई सहयोग गर्ने
- समुदायमा आधारित बालकेन्द्रित तथा सहभागितामूलक विपद् जोखिम व्यवस्थापन योजनाको निर्माण र कार्यान्वयनका लागि समुदायहरूलाई सहयोग र सशक्तीकरण गर्ने, साथै ती योजनालाई स्थानीय सरकारका योजनामा समावेश गर्न पैरवी गर्ने

### स्थानीय युवा र समुदायमा आधारित संस्थाहरूको संलग्नता

विपद् व्यवस्थापनका लागि युवाहरू परिचालन गर्ने

**मुख्य क्रियाकलापहरू**

- विपद् जोखिम व्यवस्थापनको सहजीकरणका लागि वर्ल्ड भिजन र साझेदार गैरसरकारी संस्थाको क्षमता विकास गर्ने
- समुदायका सक्रिय युवाहरू पहिचान गरी उनीहरूलाई समुदायमा भएका प्रकोपहरूको नक्साङ्कन गर्नसक्ने र विपद् व्यवस्थापन योजना निर्माण तथा विपद् प्रतिकार्यको नेतृत्व लिनसक्ने बनाउने
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको निर्माण तथा कार्यान्वयनका लागि स्थानीय युवाहरूको क्षमता अभिवृद्धि गर्ने

### सञ्चार माध्यम र साझेदारीमार्फत् पैरवी

विपद् जोखिम न्यूनीकरणका लागि सञ्जाल तथा सञ्चार माध्यम परिचालन गर्ने

**मुख्य क्रियाकलापहरू**

- विपद् जोखिम व्यवस्थापनका उपायहरू सुझाउने तथा देशभित्र रहेका विपद् जोखिम व्यवस्थापनका क्रियाशील संयन्त्रहरूबारे जानकारी गराउने
- वर्ल्ड भिजन र गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,  अन्तरास्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्रसङ्घ र विपद्का क्षेत्रमा काम गर्ने अन्य संघसंस्था तथा निकायहरूबीच सञ्जालको प्रबर्धन तथा आपसी सहयोग बढाउने

### बृहत् विद्यालय सुरक्षा ढाँचा

विद्यालय व्यवस्थापन समितिलाई वृहत विद्यालय सुरक्षा ढाँचाको कार्यान्वयनमा सहयोग गर्ने

**मुख्य क्रियाकलापहरू**

- विद्यालयहरू संरचनागत रूपमा सुरक्षित भए नभएको मूल्याङ्कन गर्ने र तिनलाई थप सुरक्षित बनाउने
- विपद् जोखिम व्यवस्थापन सम्बन्धी विद्यालय व्यवस्थापन समिति, शिक्षक र विद्यार्थीहरूको क्षमता विकास गर्ने
- विद्यालय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण गर्ने
- औपचारिक एवम् अनौपचारिक पाठ्यक्रमहरूमा विपद् जोखिम तथा उत्थानशीलता सम्बन्धी विषयवस्तुहरू समावेश गरी बालबालिकाहरूलाई सिकाउने




## कार्य क्षेत्र

१. कैलाली  २. डोटी  ३. अछाम  ४. जुम्ला
५. काठमाडौं  ६. लमजुङ  ७. सिन्धुली  ८. उदयपुर
९. सुनसरी  १०. मोरङ  ११. रूपन्देही